# नेपाल आयल निगम लिमिटेड

## खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम एवं परीक्षा योजना

**स्तर** : अधिकृत, **सेवा** : अप्राविधिक, **समूह** : प्रशासन, **तह** : ६, **पद** : सहायक प्रबन्धक (प्रशासन)

**यस पाठ्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ :**

प्रथम चरण :- लिखित परीक्षा, पूर्णाङ्क : २००

द्वितीय चरण :- अन्तर्वार्ता, पूर्णाङ्क : ३०

| **प्रथम चरण :- लिखित परीक्षा योजना** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पत्र | विषय | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
| प्रथम | शासकीय व्यवस्था र विकास | विषयगत | १० | १० | १०० | ४० | ३ घण्टा |
| द्वितीय | सेवा सम्बन्धी | विषयगत | १० | १० | १०० | ४० | ३ घण्टा |
| **द्वितीय चरण :- अन्तर्वार्ता** | | | | | | | |
| अन्तर्वार्ता | | | | | ३० | | |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

३. प्रत्येक पत्रको लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू हुनेछन् । परिक्षार्थीले प्रत्येक खण्ड/प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

५. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

६. पाठ्यक्रम लागू मिति : **२०७४ असोज २२ गते देखि**

## प्रथम पत्र - शासकीय व्यवस्था र विकास

**खण्ड क : शासकीय व्यवस्थाको आधारभूत पक्ष - अंक ३० (३ प्रश्न × १० अंक)**

१. नेपालको संवैधानिक विकास र वर्तमान संविधान ।
२. नेपालमा संघीय शासन प्रणालीको आवश्यकता र सान्दर्भिकता ।
३. सरकारको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार ।
४. नेपालको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बिचको अन्तरसम्बन्ध ।
५. सामाजिक न्याय, सामाजिक सुरक्षा र समावेशीकरण ।
६. सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र विश्लेषण, अनुगमण र मूल्यांकन ।
७. सुशासन, पारदर्शिता, उत्तरदायित्व, निष्पक्षता र व्यावसायिकता ।
८. संस्थागत सुशासनको अवधारणा, महत्व र आवश्यकता ।
९. राजनीति र सार्वजनिक व्यवस्थापन बीचको सम्बन्ध र सीमा ।
१०. विद्युतीय शासकीय प्रणाली (E-Governance)
११. नागरिक वडापत्रको अवधारणा ।
१२. नेपाल सरकारका नीतिहरू : औद्योगिक नीति, आपूर्ति नीति, वाणिज्य नीति, वैदेशिक लगानी नीति र मौद्रिक तथा वित्तिय नीति ।

**खण्ड ख : व्यवस्थापन र प्रशासन संचालन - अंक २० (२ प्रश्न × १० अंक)**

१. व्यवस्थापनका नविनतम अवधारणा र यसका चुनौतीहरू ।
२. कर्मचारी प्रशासन ।
३. ट्रेड युनियन र सामुहिक सौदावाजी (Collective Bargaining) ।
४. नेतृत्व विकासका सिद्धान्त एवं सार्वजनिक संस्थानमा नेतृत्व विकासको अवस्था र चुनौतिहरू ।
५. अधिकार प्रत्यायोजन, अधिकार निक्षेपण, समन्वय र सुपरिवेक्षण ।
६. व्यवस्थापन सूचना प्रणाली ।
७. उत्प्रेरणाको सिद्धान्त र कर्मचारी प्रशासनमा उत्प्रेरणाको भूमिका ।
८. वार्ता तथा सम्झौता गर्ने सीपहरू ।

**खण्ड ग : विकास प्रशासन - अंक ३० (३ प्रश्न × १० अंक)**

१. विकास प्रशासनको अवधारणा, उद्देश्य, आवश्यकता र नेपालमा यसको प्रयोगको अवस्था ।
२. विकास योजना र चालु आवधिक योजना ।
३. नेपालमा बजेट तर्जुमा तथा कार्यान्वयन ।
४. योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्यांकन ।
५. सहभागितामूलक योजना र विकास ।
६. रणनीतिक योजना र व्यवस्थापन ।
७. परियोजना विश्लेषण (Project Appraisal) तथा परियोजना व्यवस्थापन ।
८. सार्वजनिक-निजी साझेदारी र निजी क्षेत्रको विकास ।
९. दिगो विकासको अवधारणा तथा नेपालमा दिगो विकासका प्रयास र चुनौती ।
१०. विश्वव्यापीकरण र आर्थिक उदारीकरण ।
११. गरिवी र बेरोजगारीका कारण तथा समाधानका उपायहरू ।
१२. नेपालका संघ, प्रदेश र स्थानिय तहका अधिकार क्षेत्र र सीमाहरू ।
१३. नेपाली समाजको संरचना र यसको विशेषताहरू ।
१४. भूपरिवेष्ठित र अति कम विकसित मुलुकको अधिकार ।

**खण्ड घ : अन्तर्राष्ट्रिय संगठनहरू - अंक २० (२ प्रश्न × १० अंक)**

१. संयुक्त राष्ट्रसंघ र यसका एजेन्सीहरू (UNO and its Agencies) ।
२. विश्व व्यापार संगठन (WTO) र अन्तर्राष्ट्रिय व्यापार प्रणाली ।
३. युरोपेली संघ (EU) को प्रशासनिक र आर्थिक पक्ष सम्बन्धी जानकारी ।
४. तेल निर्यात गर्ने राष्ट्रहरूको संगठन (OPEC) र पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजार सम्बन्धी जानकारी ।
५. दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन (ASEAN) ।
६. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) ।
७. क्षेत्रीय व्यापार प्रणाली SAFTA, BIMIST-EC ।
८. विश्व बैंक, एशियाली विकास बैंक, एशियाली पूर्वाधार लगानी बैंक (AIIB) तथा अन्य बहुपक्षीय एवंम् द्विपक्षीय सहयोग नियोगहरू ।
९. अन्तर्राष्ट्रिय सहयोग तथा बैदेशिक व्यापार ।
१०. बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ।

**द्वितीय पत्र - सेवा सम्बन्धी**

**क) कर्मचारी व्यवस्थापनका आधारभूत पक्षहरू - अंक ३० (३ प्रश्न × १० अंक)**

१. मानव संसाधन व्यवस्थापनः अवधारणा तथा आयामहरू ।
२. मानव संसाधन योजना ।
३. कर्मचारी व्यवस्थापनका पक्षहरूः भर्ना, छनौट, पदस्थापन, सामाजिकरण र उपयोग ।
४. मानव संसाधन विकासका आयामहरूः तालिम, वृत्ति विकास तथा कार्य सम्पादन मूल्याँकन ।
५. आचार संहिता, नैतिकता र अनुशासन ।
६. संगठनात्मक व्यवहार र समूह गतिशिलता (Group Dynamics) ।
७. निर्णय प्रकिया र संचार ।
८. नेपालमा मानव संसाधन व्यवस्थापनका समस्या एवं चुनौतिहरू ।
९. नेपालमा प्रशासन सुधारका आधारभूत पक्षहरू ।

**ख) सार्वजनिक संस्थान व्यवस्थापन तथा संस्थागत सुशासन - अंक ३० (३ प्रश्न × १० अंक)**

१. सार्वजनिक संस्थानको आवश्यकता, उद्देश्य, गठन, संचालन तथा व्यवस्थापन ।
२. सार्वजनिक संस्थानको स्वायत्तता र उत्तरदायित्व ।
३. सार्वजनिक संस्थानको कार्यकुशलता मापनका आधार ।
४. सार्वजनिक संस्थानका कार्य सम्पादन सुधारका पक्षहरू ।
५. नेपालमा सार्वजनिक संस्थान निजीकरणको अवस्था, सम्भाव्यता र आवश्यकता समस्या र चुनौतीहरू ।
६. नेपालमा सार्वजनिक संस्थान संचालनमा समस्या एवं चुनौतीहरू ।
७. उदारीकरणको सन्दर्भमा सार्वजनिक संस्थानको सान्दर्भिकता ।
८. नेपालमा संस्थागत सुशासनका सम्बन्धमा रहेका कानूनी नीतिगत र संस्थागत व्यवस्था ।
९. नेपाल आयल निगमबाट संस्थागत सुशासनका लागि गरिएका प्रयासहरू ।

**ग) नेपाल आयल निगम र उपभोक्ताको अधिकार - अंक ४० (४ प्रश्न × १० अंक)**

१. नेपाल आयल निगमको उद्देश्य, काम, कर्तव्य र अधिकार तथा समस्या र चुनौती ।
२. निगम संचालक समितिको भूमिका, उत्तरदायित्व तथा कार्य संचालन ।
३. नेपाल आयल निगमको कर्मचारी प्रशासन, कर्मचारीका आचारण, कर्तव्य र उत्तरदायित्व ।
४. नेपाल आयल निगमको खरिद कार्यविधि सम्बन्धी व्यवस्था ।
५. नेपाल आयल निगमको आन्तरिक तथा अन्तिम लेखा परीक्षण ।
६. नेपालमा पेट्रोलियम पदार्थ आयात, ढुवानी तथा बिक्री वितरण सम्बन्धी व्यवस्था ।
७. नेपालमा पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष सञ्चालन सम्बन्धी व्यवस्था ।
८. पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था ।
९. पेट्रोलियम पदार्थको स्वचालित मूल्य निर्धारण सम्बन्धी व्यवस्था ।
१०. पेट्रोलियम पदार्थ र यसबाट वातावरणमा पर्ने असर, प्रभाव, समस्या र समाधानका उपायहरू ।
११. अन्तर्राष्ट्रिय तेल बजार : उत्पादन, बिक्री वितरण तथा मूल्य निर्धारण प्रणाली ।
१२. उपभोक्ताको हित संरक्षण सम्बन्धी अवधारणा र आधारभूत अधिकार ।
१३. नेपालमा उपभोक्ताको हित संरक्षण सम्बन्धमा रहेका संवैधानिक र कानूनी व्यवस्था ।
१४. उपभोक्ता हित संरक्षण सम्बन्धमा राज्यको दायित्व कार्यान्वयनको अवस्था तथा यसको उलंघनमा उपचारात्मक व्यवस्था ।
१५. कम्पनीको स्थापना तथा खारेजी प्रक्रिया सम्बन्धी कानूनी व्यवस्था ।
१६. निगमको कामसँग सम्बन्धित विषयमा सरकारी तथा गैर सरकारी विभिन्न निकाय तथा सरोकारवालाहरूसँगको सम्बन्ध र समन्वय ।

***